# नेपाल धितोपत्र बोर्ड लगानी सम्बन्धी नीति २०६७

१) यस नीतिलाई नेपाल धितोपत्र बोर्ड लगानी सम्बन्धी नीति, २०६७ भनिनेछ ।

२) यस नीति अन्तर्गत नागरिक लगानी कोष एकांक, सरकारी ऋृणपत्र र 'क' वर्गका वाणिज्य बैंककहरुको मुद्दती खातामा मात्र लगानी गर्न सकिने छ ।

३) यो नीति नेपाल धितोपत्र बोर्डको अक्षयकोष, औषधी उपचार कोष, साधारण जगेडा कोष तथा अन्य कोषमा बाँडफाँड भएको रकम र बोर्डको बचत मौज्दातमा रहेको रकम समेतको उचित लगानी व्यवस्थापन गर्दा लागु हुनेछ ।

४) लगानी गर्दा लगानीको प्रकृती, अवधि र जोखिम समेतलाई ध्यान दिई अधिकतम प्रतिफल आर्जन हुने गरी लगानी गर्नु पर्नेछ ।

५) लगानीको निर्णय बोर्डको वित्तिय प्रशासन तथा वित्तिय सूचना विश्लेषण समितिको सिफारिशमा अध्यक्षले गर्नेछ ।

६) लगानीको निर्णयका सम्पूर्ण आधारहरुको कागजात सुरक्षित रुपमा राख्ने दायित्व वित्त शाखा प्रमुखको हुनेछ ।

७) लगानी गर्दा अपनाउनुपर्ने प्रकृयाहरुः

क) बोर्डको नगद प्रवाहको विश्लेषण गरी लेखा तथा वित्त शाखा प्रमुख तथा "वित्तिय प्रशासन तथा वित्तिय सूचना विश्लेषण समिति"को सदस्य सचिवले व्यवस्थापन विभाग प्रमुखको सिफारीसमा लगानी योग्य रकम रु ५० लाख वा सो भन्दा बढी भएमा लगानी गर्ने प्रकृया थाल्न वित्तिय प्रशासन तथा वित्तिय सूचना विश्लेषण समितिमा प्रस्ताव राख्ने ।

ख) समितिले लगानी गर्न उचित रकम निर्धारण गर्ने र वाणिज्य बैंकमा मुद्दती खातामा लगानी गर्ने भएमा प्रकृया थाल्न व्यवस्थापनलाई अख्तियारी दिने ।

ग) नागरिक लगानी कोष एकांक र सरकारी ऋृणपत्रमा लगानी गर्ने भएमा समितिले निर्णय गरी अध्यक्षज्यूलाई सिफारीश गर्ने ।

घ) वाणिज्य बैंकमा लगानी गर्ने भएमा निम्नानुसारको शर्तहरु लागू हुनेछः

- नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क' वर्गका वाणिज्य बैंककरुमा मात्र मुद्दती खाता खोल्न सकिने छ ।
- वाणिज्य बैंक विगत ३ वर्षदेखि नाफामा संचालित भएको हुनुपर्नेछ र संचित नोक्सान नभएको हुनु पर्नेछ ।
- पछिल्लो प्रकाशित वित्तीय विवरण अनुसार ५ प्रतिशत वा सो भन्दा बढी NPA (Non Performing Assets) भएको बैंक लगानीको लागि योग्य हुने छैन ।
- पछिल्लो प्रकाशित वित्तीय विवरण अनुसार वाणिज्य बैंकको Capital Adequacy Ratio नेपाल राष्ट्र बैंकले तोके अनुसार हुनुपर्नेछ ।
- पछिल्लो प्रकाशित वित्तीय विवरण अनुसार वाणिज्य बैंकको Net Liquid Assets नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनुपर्नेछ ।
- लगानीको अवधी १ बर्ष भन्दा बढी हुने छैन ।
- ब्याजदर प्रस्ताव गर्दा बहुदर प्रस्ताव गर्न पाइने छैन ।
- नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारवाहीमा परेको भए कारवाही फुकुवा भएको एक वर्ष पुरा भएको हुनुपर्नेछ ।

ङ) लगानीको लागि राष्ट्रिय दैनिकमा कम्तिमा पाँच कार्यदिनको समय दिई १ पटक सूचना प्रकाशित गरी कम्तिमा तीन वटा वाणिज्य बैंकहरुबाट गोप्य कोटेशन प्राप्त गर्नु पर्नेछ ।

च) प्रथम पटकको सूचना बमोजिम कोटेशन प्राप्त नभएमा, पुनः तीन कार्य दिनको समय दिई सूचना प्रकाशन गर्नुपर्ने छ र सो अनुसार प्राप्त कोटेशन तीन वटा भन्दा कम भए पनि प्रक्रिया अगाडि बढाइने छ ।

छ) दोस्रो पटक सूचना प्रकाशित भए पश्चात प्राप्त कोटेशनमा समेत कुनै पनि बैंक योग्य नभएमा वा कुनै पनि प्रस्ताव प्राप्त नभएमा अध्यक्षको स्वीकृती लिई सोझै वार्ता मार्फत लगानी प्रक्रिया अगाडि बढाउन सकिने छ ।

ज) लगानीको शर्तहरु पुरा गरेका बैंकहरुमध्ये बढी व्याजदर प्रदान गर्ने प्रस्तावलाई क्रमशः प्राथमिकता दिइने छ । समान व्याजदर प्रस्ताव पेश भएको हकमा, बैंकहरुको पछिल्लो प्रकाशित वित्तीय विवरण अनुसार निष्कृय कर्जा कम भएको बैंकमा लगानी गर्नुपर्ने छ ।

झ) कुल लगानीको २५ प्रतिशत भन्दा बढी रकम एउटै बैंकमा लगानी गर्न पाइने छैन । प्रस्तावित लगानी र हालको लगानी समेत जोडी आउने कुल लगानीलाई सीमाको रुपमा लिनुपर्ने छ ।

ञ) यस बुँदा बमोजिमका प्रकृया तथा शर्तहरु पुरा भएपछि समितिले वाणिज्य बैंकमा मुद्दती खातामा लगानी गर्न अध्यक्ष समक्ष सिफारिस सहित प्रस्ताव गर्नुपर्नेछ ।

८) वित्तिय प्रशासन तथा वित्तिय सूचना विश्लेषण समिति तथा अन्य कर्मचारीहरुले लगानी सम्बन्धी निर्णय तथा प्राप्त हुन आएका सूचनाहरुको गोप्यता कायम गर्नुपर्नेछ ।

९) लगानी सम्बन्धी प्रस्ताव पेश गर्ने बैंकले प्रस्ताव फिर्ता लिएमा वा निर्धारित रकम लिन इन्कार गरेमा सो बैंकलाई एक वर्षसम्म बोर्डको मुद्दती निक्षेप लगानी प्रक्रियामा सहभागी गराइने छैन ।

१०) बोर्डको लगानीको लागि प्रकाशित सूचना बमोजिम बैंकहरुबाट पेश हुन आएका प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बोर्डमा निहित रहनेछ ।

मुद्दती खाता फाराम

# नेपाल धितोपत्र बोर्ड

## जावलाखेल, ललितपुर ।

| बैकको नाम र ठेगाना, संचालन मिति | तीन वर्षदेखि नाफामा रहे/नरहेको तथा संचित नोक्सान भए/नभएको | Nonperforming Assest (NPA) प्रतिशत | Capital Adequacy Ratio (CAR) | | Net Liquid Assest (NLA) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | संस्थाका सबैभन्दा पछिल्लो पटक प्रकाशित (वित्तीय विवरण अनुसार)+ | ने.रा.बैंकले तोकेको | संस्थाका वित्तीय विवरण अनुसार+ | ने.रा.बैंकले तोकेको | संस्थाको वित्तीय विवरण अनुसार+ | |
| नामः................<br>सं.मि.:.............. | | | | | | | |

नोटः + उल्लेख गरिएको वित्तीय सूचकाकं खुल्ने वित्तीय विवरण संलग्न गर्नुपर्ने ।

विज्ञापन प्रकाशित मितिः............................................. पत्रिकको नामः..........................................

| प्रस्ताव गरेको ब्याजदर (प्रतिशत)<br>(प्रस्ताव गरिएको ब्याजदर अंक र अक्षर दुवैमा अनिवार्य खुलाउनुपर्ने छ ।) | ब्याज भुक्तानीको अवधि दैनिक, मासिक, त्रैमासिक वा वार्षिक आदि) तल उल्लेख गर्ने | *प्रस्ताव गरिएको रकम भए<br>(बोर्डको नियमानुसारको मुद्दती रकम स्वीकार गर्ने भए खुलाउनु नपर्ने ।) |
|---|---|---|
| अंक (प्रतिशत):<br>अक्षर: | | अंकमा रु.<br>अक्षरमा रु. |

(१) लगानीको अवधि एक वर्षभन्दा बढी हुनेछैन् ।

(२) उल्लेखित सबै शर्तहरु अध्ययन तथा स्वीकार गरी यो बोलपत्र पेश गरेको छु ।

बोलपत्र फाराम पेश गर्ने संस्थाको नामः

सम्पर्क ठेगाना :

संस्थाको आधिकारिक दस्तखत र छापः

मितिः

फोन नं. :